मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com




वर्ष ३ | अंक १२५ | २०८१ साल चैत्र ०६ गते बुधबार | Wednesday 19, March 2025 | सूर्योदयः बिहान ६:१० बजे | सूर्यास्तः साँझ ६:१६ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# सर्वोच्चको सडक विस्तारविरुद्ध रिट खारेजछि महानगरको छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**

सर्वोच्च अदालतले वीरगंजको मुख्य सडक (मेनरोड) विस्तारविरुद्ध रिट खारेज गरेपछि वीरगंज महानगरले थप काम अगाडि बढाउन छलफल थालेको छ । मंगलबार सडक क्षेत्रमा पर्ने सम्बन्धित सरकारी कार्यालयका प्रमुखसँग छलफल गरी सडक विस्तार कार्यमा सहयोग गर्न महानगरले आग्रह गरेको हो ।



महानगर प्रमुख राजेशमान सिंहले सर्वोच्च अदालतले सडक विस्तारविरुद्ध परेको रिट लामो समयपछि खारेज गरेकामा खुशी व्यक्त गर्दै सडक डिभिजन कार्यालय हेटौँडाको पहलमा सडक विस्तार अभियानलाई सघाउन महानगर तयार रहेको बताए । 'पहिलो चरणमा सरकारी कार्यालयले आफ्ना संरचना हटाइदिए सर्वोच्चको फैसला कार्यान्वयनमा सहज हुने थियो । महागरले सडक चौडा गर्ने अभियानलाई अघि बढाउन सम्पूर्ण रूपमा सहयोग गर्छ, यहाँहरूबाट पनि सोही अपेक्षा छ,' उनले भने ।

महानगरले सडक विस्तार अघि बढाउने विषयमा छलफल अघि बढाए पनि सर्वोच्च अदालतको पूर्णपाठ नआइकन काम अगाडि बढाउँदा समस्या हुनसक्ने विषयमा पनि छलफल भएको छ । सर्वोच्चका अदालतका न्यायाधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले बुधबार रिट निवेदकका पाँच वटै रिट खारेज गरेसँगै डिभिजन सडक कार्यालय हेटौँडालाई यहाँको मुख्य सडक दायाँबायाँ २५–२५ मिटर चौडा गर्ने बाटो खुलेको छ । वीरगंजका छुट्टाछुट्टै पाँच घरधनी निवेदकले विभिन्न मितिमा वीरगंजको सडक विस्तार गर्न नहुने भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

वीरगंज महानगरका लक्ष्मण साह रौनियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाएर २०७६ सालमा सडक विस्तार रोक्नुपर्ने माग राख्दै रिट दायर गरेका थिए । अन्य निवेदकले पनि फरक–फरक मितिमा सडक विस्तारविरुद्धमा रिट दायर गरेका थिए । त्यसपछि त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डाकचोकदेखि पावर हाउसचोक, घण्टाघरचोकदेखि आर्दशनगर, रजतजयन्तीचोक, शङ्कराचार्यगेट हुदैँ मितेरी पुलसम्मको मुख्य सडक विस्तारको काम रोकिएको थियो । बैठकमा उपस्थित सरोकार भएका निकायका प्रतिनिधिले क्षेत्राधिकारभित्र पर्ने दायाँबायाँ २५–२५ मिटरभित्र पर्ने आफ्ना संरचना हटाउन समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यसअघि वीरगंज भन्सार कार्यालय, नारायणी सिँचाइ कार्यालय र नेपाल बैंक लिमिटेड सिटी अफिस वीरगंजले सडक क्षेत्राधिकार छाडेर आफ्ना संरचना निर्माण गरिसकेका छन् । अन्य सरकारी कार्यालयले पनि आफ्ना संरचना हटाउने प्रतिबद्धता जनाएका छन् । बैठकमा सडक सीमा निर्धारण, संरचना हटाउने प्रक्रिया, सार्वजनिक सेवा प्रवाहमा अवरोध हुन नदिन र अन्य प्राविधिक विषयमा व्यापक छलफल भएको थियो ।

नेपाल टेलिकमका प्रतिनिधि रामप्रसाद शर्माले टेलिकमका संवेदनशील उपकरण तथा नेटवर्किङ तार व्यवस्थापनका लागि थप केही समय लाग्ने बताए ।

डिभिजन कार्यालय हेटौँडाका प्रमुख गुरुप्रसाद अधिकारीले बैठकले अति संवेदनशील कार्यालयबाहेक अन्य कार्यालयले तत्कालै स्वःस्फूर्त रूपमा सडक सीमाभित्रपर्ने संरचना स्थानान्तरण गरी बाटो विस्तारमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।



अलपत्र 'छुकछुके' रेलको इन्जिनः धनुषा, जनकनन्दनी गाउँपालिका–४, खजुरीस्थित रेल कारखानामा तत्कालीन जयनगर–जनकपुरधाम–बिजलपुरा रेलमार्गमा कोइलाबाट सञ्चालन भएको ऐतिहासिक स्टिम 'छुकछुके' रेलको इन्जिन वर्षौंदेखि अलपत्र छ । सीता राम , गोरखनाथ, पशुपति, महावीर, चन्द्र, गुहेश्वरी नामका इन्जिनमा खिया लागेर जीर्ण भएका छन् । पर्यटन प्रवद्र्धनका लागि रेलका इन्जिन सङ्ग्रहालय बनाएर संरक्षण गर्नुपर्ने स्थानीयको माग छ । तस्बिरः अमरेन्द्रकुमार यादव

# आजपाको पदाधिकारी बैठक बस्दै

**मधेशदृष्टि**
**काठमाडौँ ।**

आम जनता पार्टी (आजपा)को पदाधिकारी बैठक बुधबार बस्दैछ । पार्टी केन्द्रीय कार्यालय कोटेश्वरमा बस्ने पदाधिकारी बैठकले पार्टीद्वारा घोषित तेस्रो जनआन्दोलन सफल बनाउँन विभिन्न कमाण्डर तोक्नुका साथै समसामयिक विषयमा समेत महत्वपूर्ण निर्णय गर्दैछ ।

आजपा अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले देशमा देखिएको वर्तमान संकटको जड नै अहिलेको दलाल दलतन्त्र भएको बताए ।

उनले दलीय गणतन्त्र जनताको गणतन्त्र बनाउन तेश्रो जनआन्दोलन आवश्यक भएको बताए ।

आजपाले २०८० साल चैत २४ तेस्रो जनआन्दोलन घोषणा गरेको थियो । दलीय दलाल दलतन्त्रले दल, नेता तथा नेताका आसेपासे मोटाएको र जनतामा निराशा छाएको निष्कर्ष निकाल्दै आजपा अध्यक्ष साहले तेस्रो जनआन्दोलन आवश्यक रहेकाले जनताको शासन व्यवस्थाका लागि तेस्रो जनआन्दोलन उद्घोष गरेका थिए ।

'अहिले लुटकारी दलाल दलतन्त्रको हालीमुहाली छ । दलका सीमित नेता र तिनका आसेपासे मोटाएका छन् । लुट–भ्रष्टाचार, कुशासन, अनियमितता, मनोमानी बढदै गइरहेको अवस्थामा जनताको शासनका लागि तेस्रो जनआन्दोलनको विकल्प छैन,' साहले भने, 'अब जनताको गणतन्त्रका लागि हामी सडकमा आउनैपर्छ । भ्रष्ट दलीय व्यवस्था खारेज गर्नैपर्छ ।'

आजपाले चैत २४ गते काठमाडौँको भृकुटीमण्डपमा विरोधसभा र प्रदर्शन गर्न लागेको छ । त्यसैको पूर्वसन्ध्यामा बस्न लागेको पदाधिकारी बैठकले आन्दोलन सफल बनाउनेबारे रणनीति तय गर्ने बताइएको छ ।

आजपाले विगतदेखि नै भ्रष्टाचार, कुशासन, अनियमितता, सरकारको मनोमानी कर आतंक, वैदेशिक रोजगारीमा ठगीलगायतका विषयमा निरन्तर संघर्ष गर्दै आएको छ ।

बैठकमा विगतका आन्दोलनको समीक्षाका साथै अगामी आन्दोलन सशक्त बनाउनेबारे छलफल हुनेछ ।

# गोलाप्रथाबाट केन्द्राध्यक्ष चयन नहुँदा मधेस प्रदेश सरकार एसइइबाट बाहिरियो

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

एसइइ परीक्षाको केन्द्राध्यक्ष चयनमा गोला प्रथा हुनुपर्ने माग गर्दै आएको मधेश प्रदेश सरकारले गोला प्रथाबाट चयन हुने सम्भावना नदेखेपछि परीक्षा प्रक्रियाबाट बाहिरिएको छ । बिहीबारदेखि शुरु हुन लागेको परीक्षामा प्रदेश सरकारले दिएको निर्देशन नमानेपछि परीक्षा प्रक्रियाबाट प्रदेश सरकार बाहिरिएको हो । मुख्यमन्त्री सतिश कुमार सिंह र शिक्षामन्त्री रानी शर्मा तिवारीले पत्रकार सम्मेलन गरेर परीक्षा प्रक्रियाबाट बाहिरिएको जानकारी दिएका हुन् ।

प्रदेश सरकारले केन्द्राध्यक्ष गोला प्रथाबाट गर्न निर्देशन दिएकामा शिक्षा समन्वय इकाइलगायत शिक्षक संस्थाले नमानेपछि सरकार बाहिरिएको हो । मुख्यमन्त्री सिंहले केन्द्राध्यक्षकै संलग्नतामा परीक्षामा चोरी हुने गरेको बताए । उनले शिक्षा समन्वय इकाइ, जिल्ला प्रशासन कार्यालयले नै निजी विद्यालयलाई फ्लप देखाउने, केन्द्राध्यक्ष खरिद बिक्री गर्ने काम सिकाएको भन्दै भने, 'जब गेटमै सबै चेकजाँच भइहाल्छ भने भित्र फ्लप कसरी निर्माण हुन्छ ? मोबाइलमा कसरी चिट जान्छ ? यहाँ तपाईंहरु हेर्नुस विगतमा केन्द्राध्यक्षले तोकेको सम्बन्धित सहायक केन्द्राध्यक्षलगायतका शिक्षक स्कुलको हुँदैन । सबै बाहिरका शिक्षक बोलाएर पुरानै नाममा हस्ताक्षर गराएर भत्ता केन्द्राध्यक्षलाई छाडेर बाहिरबाट आएकाहरु भित्र कक्षाकोठामा गएर फ्लप तयार गरिदिने, बोर्डमा लेखिदिनेलगायतको घटना भइसकेको छ ।'

मुख्यमन्त्री सिंहले भने, 'परीक्षामा विकृति एवम् बेथिति निम्त्याउने अवश्यम्भावी अवस्थामा प्रदेश सरकार यसका लागि जिम्मेवार पक्ष र पदाधिकारीको असङ्गत निर्णयको साक्षी किनारा बस्ने स्थिति किमार्थ छैन । यसले परीक्षा अनुगमन तथा नियमन गर्ने प्रदेश सरकारको प्रयासमा अल्पविराम लगाउने प्रयास भएको छ । यसबाट प्रदेश सरकारसँग समन्वय गरेर मात्र परीक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी निर्णय गर्न संघीय शिक्षामन्त्रीज्यूले शिक्षा विकास तथा समन्वय एकाइका प्रमुखहरूलाई दिनुभएको निर्देशनसमेत उल्लंघन भएको बुझाइ हाम्रो छ ।'

मुख्यमन्त्री सिंहले एसइइ मर्यादित बनाउन खोज्दा केन्द्राध्यक्ष आफूहरुले चाहेअनुसार चयन गर्न भन्दा नगरेको बताए । उनले शिक्षा समन्वय इकाइका पदाधिकारी अनैतिक कार्यमा लागेको भनेर परीक्षा नियन्त्रक कार्यालय, शिक्षा सचिवलाई समेत फोन गरेर जानकारी गराए पनि उनीहरुले समन्वय गर्ने भने पनि कुरामा मात्र घुमाएको आरोप लगाए । मुख्यमन्त्री सिंहले परीक्षा प्रणालीको निष्पक्षता, पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्न, परीक्षा प्रणालीप्रति विद्यार्थी, शिक्षक, अभिभावक तथा सिङ्गो समाजको भरोसा र स्वीकृति प्राप्त गर्न, योग्य तथा सक्षम शिक्षकको मनोबल वृद्धि गरी समान अवसरको अनुभूति दिलाउन, परीक्षा सञ्चालनमा स्वार्थ समूहको दबाब वा हस्तक्षेप नियन्त्रण गर्न, ती स्वार्थ समूहको चासोमा हुने गरेको भनिने केन्द्राध्यक्ष नियुक्ति तथा केन्द्राध्यक्षमार्फत केन्द्रमा हुने अनियमितताको अपेक्षालाई संकुचित बनाउन गोलाप्रथाबाटै केन्द्राध्यक्ष नियुक्ति हुनुपर्ने प्रदेश सरकारको सोच रहेको जनाए । उनले परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि कानूनीरूपमा अधिकारप्राप्त तथा उत्तरदायी प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयविपरीत परीक्षा समन्वय समितिले साबिककै व्यवस्था दोहोर्याउँदै केन्द्र निर्धारण गरिएका विद्यालयका प्रधानाध्यापकलाई नै केन्द्राध्यक्ष नियुक्त गरेका र नियुक्ति गर्ने प्रक्रिया अघि बढाएको आरोप लगाए ।



मुख्यमन्त्री सिंहले सोमबार मात्र आफूले केन्द्रीय शिक्षा मन्त्रीसँग कुरा गरेपछि मन्त्रीले आठवटै जिल्लाका जिल्ला समन्वय अधिकारीलाई जुम मिटिङमार्फत स्थानीय तह र परीक्षा नियन्त्रणको जिम्मा रहेको प्रदेशसँग समन्वय गरेर अगाडि बढ्न निर्देशन दिए पनि उनको निर्देशनको पनि उल्लंघन भएको बताए । मुख्यमन्त्री सिंहले जिल्ला समन्वय अधिकारीको नचल्ने भएको देखेपछि विभिन्न संगठनलाई उचालेको आरोप लगाए ।

मुख्यमन्त्री सिंहले परीक्षामा चोरी गराउने र पढाउने बेलामा नपढाउँदा शिक्षाको अवस्था नसुध्रिने भएकाले यसलाई सुधार गर्न सबै पक्षले लाग्नुपर्ने बताए । उनले सबै यसतर्फ नलागे प्रदेशको शिक्षाको अवस्था नसुध्रिने बताए । आफूहरुले केन्द्राध्यक्ष गोलाप्रथाबाट चयन गर्नुपर्ने, परीक्षा स्थलमा मोबाइल बरामद हुँदा जफत गर्नेलगायतको निर्देशन दिएकामा त्यसलाई नमानेपछि आफूहरु परीक्षाको सम्पूर्ण प्रक्रियाबाट बाहिरिएको बताए । उनले जुन तरिकाले अहिले चलिरहेको छ, त्यस हिसाबले कहिल्यै शिक्षामा सुधार नहुने बताए । प्रदेश सरकार र संघ सरकारको निर्देशनलाई चुनौती दिने गरी भएका केन्द्राध्यक्ष चयनको पृष्ठभूमिका विषयमा गहिरो छानबिन गरी त्यसभित्रका अन्तरबस्तु केलाएर परीक्षा प्रणालीलाई मर्यादित बनाउन सम्बद्ध पक्षको ध्यानाकर्षणसमेत गराएको उनले बताए ।

यस्तै, शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले एसइइ गराउने अधिकार प्रदेशलाई दिइएकोमा त्यसै अधिकारलाई प्रयोग गर्न खोज्दा शिक्षा इकाइ, शिक्षक संगठनले त्यसलाई नमानेको बताइन् । उनले एउटा कार्यक्रमको आयोजना गरेर सिडिओ, एसपी, शिक्षा अधिकारी राखेर छलफल गरेको भन्दै भनिन्, 'त्यो मिटिङमा उनीहरुले लिखितरुपमा निर्णय दिन भनेका थिए । हामीले एउटा मिटिङ बोलाएर निर्णय गर्यौं । हामीले सानोठिमी र सबै शिक्षा कार्यालयमा जानकारी गरायौँ तर अहिले धेरै मिडियामा हेरेर उनीहरुले हाम्रो निर्णय नमान्ने ।'

मन्त्री शर्माले शिक्षा समन्वय समितिको काम समन्वय गर्ने मात्र रहेकामा अहिले पनि समन्वयको भूमिकामा नभई निर्णय लिने भूमिकामा मात्र रहन खोजेकाले आफूहरुको निर्णय नमाने संघ सरकारलाई समेत परीक्षाका जिम्मा नलिने जानकारी गराइसकेको बताइन् । यो वर्ष मधेश प्रदेशमा ८८ हजार ८ सय ५८ विद्यार्थी सहभागी हुन लागेका छन् ।

## मधेश सरकारका कारण राम्रो सन्देश गएन

एसइइ परीक्षा प्रक्रियाबाट मधेश प्रदेश सरकार बाहिरिएपछि शिक्षकहरुले सरकारका कारण नराम्रो सन्देश गएको बताएका छन् । प्रदेश सरकार बाहिरिए पनि परीक्षामा खासै प्रभाव नपर्ने तर यसले नकारात्मक सन्देश गएको बताए ।

नेपाल शिक्षक संघका निर्वतमान प्रदेश अध्यक्ष मेघनाथ यादवले मधेश प्रदेश सरकार एसइइ परीक्षाबाट बाहिरिएपछि खासै प्रभाव नपर्ने तर यसले गलत सन्देश भने गएको बताए । उनले यही गर्नु थियो भने विभिन्न सरोकारवाला निकायसँग छलफल गरेर प्रक्रियामा जाँदा राम्रो हुने तर एक्कासि गोला प्रथाबाट जाँदा धेरै समस्या र परीक्षा नै भद्रगोल हुने भएकाले आफूहरु यसको विरोधमा गएको बताए । उनले भने, 'सरकारका कारण गलत सन्देश गएको छ, सरकार यसरी व्यवहारिक नहुने पक्षबारे बुझेर अघि बढ्नु पर्नेमा एक्कासि अडिग हुनु गलत हो ।'

नेपाल शिक्षक संघका मधेश प्रदेश अध्यक्ष पशुराम यादवले प्रदेश सरकारको गलत निर्णय रहेको र कुनै पनि परीक्षा निर्देशिकाअनुसार हुने भएकाले गोलाप्रथाबाट केन्द्राध्यक्ष चयन गर्ने निर्देशिका नरहेको र गलत निर्णय गराउने कार्य अनुचित रहेको बताए ।

## सम्पादकीय

# कहाँ पुग्यो धनराज–ज्योतिको सहकारी प्रकरणको छानबिन ?

एकातिर अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको कडाइ अर्कातिर नेपालमा मोस्ट वान्टेड व्यक्तिलाई आश्रय । यति हुँदाहुँदै पनि ललितपुरको कुम्भेश्वरस्थित मितेरी सहकारीको १३ करोड रुपैयाँ हिनामिना गरेर फरार नेपाली कांग्रेसका उपसभापति तथा सांसद धनराज गुरुङकी पूर्वपत्नी ज्योति गुरुङको अमेरिका बसाइ शानदार चलिरहेको सूचना प्राप्त भएको छ ।

हालै उनले ५० लाख रुपैयाँ पर्ने एसयुभी गाडी खरिद गरेकी छिन् भने शानदार अपार्टमेन्टमा बसिरहेकी छिन् । शुरुमा क्यासिनोमा काम गरेकी उनीबारे अनेक समाचार आएपछि उनी क्यासिनोबाट निकालिएकी थिइन् । उनीहरुको अमेरिकामा जमेको जोडी देखेर नेपालीहरु भन्ने गर्छन्, 'साथी हुनु त ज्योति र प्रज्ञाजस्तो ।' जसले नेपालमा मोस्टवान्टेडलाई पनि अमेरिकामा काम दिइरहेकी छिन्, साथ दिइरहेकी छिन्, पार्टीदेखि सपिङ मलमा किनमेलमा समेत सँगै हुन्छन् । हालै ज्योति गुरुङले अमेरिकामा छोराको विवाहको पार्टी दिएकी थिइन् । १० जना बोलाइएको पार्टीमा ७ जना आएका थिए । यसअघि प्रज्ञाको जन्मदिनमा मनाइएको भव्य पार्टीमा पनि साथीभाइले दिएको गिफ्ट र अन्य सामान ज्योतिले नै सम्हालेकी थिइन् ।

ज्योति र प्रज्ञाको कनेक्सनबारे सिआइइबीले अनुसन्धान गरिरहँदा एउटा मोस्ट वान्टेडलाई के स्वार्थले साथ दिइरहेकी छिन् भनेर अनुसन्धान चलिरहँदा प्रज्ञा पनि रेड कर्नर नोटिस लगाएर नेपाल ल्याउने कि भन्ने तहमा प्रहरी प्रशासन पुगेको बताइएको छ । नेपालमा प्रहरी प्रमुख फेरिएसँगै सिआइबीले प्रज्ञालाई नेपाल झिकाएर अनुसन्धान गर्ने या देखिएको संलग्नताले रेडकर्नर नोटिस नै लगाउने भन्नेमा प्रहरी प्रशासन छलफलमा जुटेको छ । अमेरिकामै रहेकी मोरङकी प्रज्ञा न्यौपाने ज्योति गुरुङकी पुरानो साथी हुन् । अमेरिकास्थित रोहनट पार्कमा बस्दै आएका प्रज्ञाको ठेगाना नै अमेरिकामा हुँदा धनराज गुरुङ र ज्योति गुरुङको पनि ठेगाना हुने गरेको थियो । ज्योति सानफ्रान्सिस्को हुँदादेखि नै प्रज्ञासँग नजिक रहेर काम गरेको अनुसन्धानमा देखिएको छ । नेपालमा मोस्टवान्टेड हुनुअघि नै सहकारीको रकम हिनामिना गरेर फरार ज्योति हङकङबाट अमेरिका जाँदा प्रज्ञाले नै अमेरिकामा व्यवस्थापन गरेकी थिइन् । प्रज्ञाले चिनजानका नवीन भन्ने नेपालीमार्फत ज्योतिलाई क्यासिनोमा जागिर लगाएकी थिएन् । नेपालमा ज्योति गुरुङबारे अनेक समाचार आउन थालेपछि ज्योति क्यासिनोबाट निकालिएकी थिइन् भने उनको बिजोगमा पनि प्रज्ञा बलियो सारथी बनेर आफ्नै पतिको रेष्टुरेन्टमा आश्रय दिएकी थिइन् ।

यता अमेरिकामा व्यवस्थित बसोबास गरिरहेकी प्रज्ञा नै नेपाल आएर ज्योतिको आमासँग भएको रकम तथा सम्पत्ति व्यवस्थापन गरेकी थिइन् । यो कामका लागि उनी नेपालमा करिब ६ महिना बसेको पनि अनुसन्धानमा देखिएको छ । काठमाडौँमा नातिनी हेर्न बसेकी ज्योतिकी आमा धान्ती पोखरा फर्केकी छिन् भने सम्बन्ध विच्छेद भएको पत्नी ज्योति गुरुङ भेट्न तेस्रोपटक धनराज अमेरिका जाँदा छोरी छाडेर आएका थिए ।

जबकि सम्बन्ध विच्छेदमा छोरी आफूले पाल्ने भनेर धनराजले सहमति गरेका थिए । अमेरिकामा ज्योतिलाई प्रज्ञाले साथ दिएबापत नेपालमा भने ज्योतिको रकम प्रज्ञा, उनका माइती र परिवारका सदस्यको नाममा रियलस्टेट, हाउजिङ, हाइड्रोपावरमा लगानी भएको पाइएको छ । प्रज्ञाको नेपालस्थित विभिन्न बैंकमा भएको रकमबारे पनि अनुसन्धान चलिरहेको छ भने मोरङमा पनि सम्पत्तिबारे खोजबिन चलिरहेको छ । ज्योति गुरुङको सात करोड रुपैयाँ भन्दा बढी रकम प्रज्ञाको नाममा सारेर लगानी भएको बारे सिआइबीले गरेको अध्ययनका आधारमा उनलाई रेडकर्नर नोटिस लगाउन सकिने देखिएको छ ।

# प्रधानमन्त्रीविरुद्ध पाकिरहेको 'पलाँता–प्रचण्ड' खिचडी



रामकुमार एलन

*यो सरकार बनेपछि राजावादी हौसिए भन्ने सुप्रिमोको वाणी सुनियो । जुन दिन गाउँमा माओवादी आए, गाउँका युवा, पुलिस, आर्मी सबै हराए । जब माओवादी शहर छिर्यो, देशका नागरिक हराए । ५ लाख बस्न योग्य घर खाली भएको केपी शर्मा ओली असार ३० गते प्रधानमन्त्री भएपछि होइन नि !*

**प्रसंग १**

जब संसदमा कांग्रेसको मागमा सहकारी ठगीसम्बन्धी संसदीय समिति गठनको कुरा भयो र संयोजक सूर्य थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिशिर खनाललाई पनि हस्ताक्षर गराउन सफल भए । त्यसपछि पूर्वपरराष्ट्रमन्त्री तथा राप्रपाका नेता डा. प्रकाशचन्द्र लोहनीले सूर्य थापालाई प्रशंसा गर्दै भनेका थिए, 'मिराकल नै गर्नु भयो।'

**प्रसंग २**

तरपछि रवि लामिछानेमाथि संसदीय छानबिनमा बयान र विभिन्न जिल्लामा सहकारी ठगीका मुद्दामा पूरक अभियोजनमाथि छलफलसँगै मुद्दा दायर हुन थाले । त्यसपछि उनै लोहनीको प्रतिक्रिया आयो, 'लामिछानेमाथि राज्य पूर्वाग्रही छ ।' मिराकल कस्मेटिक ढंगले प्रदूषणको सिकार भएको यो पहिलो संकेत थियो।

**प्रसंग ३**

सरकारले बिजुली मुखिया कुलमान घिसिङमाथि अनेक प्रपञ्च गरेको भनेर माओवादीलगायतले भन्ने गरेको छ । सरकार कस्तो बनाउने ? अख्तियार प्रमुख बनाइए पनि लोकमानसिंह कार्की देशमा बस्न सकेनन् । प्रधानन्यायाधीश दामोदरप्रसाद शर्माले देश छाडे । पद के हो र कुलमानलाई मात्र नभई नहुने ? बलशाली दुई तिहाइको सरकार एउटा सहसचिव हटाउन नसक्ने बनाउन खोजेका हौँ हामीले ? जबकि मेयर या उपमेयरलाई मन परेन भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको प्रमुख प्रशासकीय अधिकृत पालिकामा हाजिर हुन सक्दैनन् । स्थानीय सरकार त्यति बलियो चाहिने तर केन्द्र सरकारअनुकुल कर्मचारी हुने कि कर्मचारीअनुकुल केन्द्र सरकार ? भारत गुहारेर कारबाहीमा तर्साउने सहसचिवलाई देश दिन तयारी हो ? उनै लोहनीको वाणी, 'कुलमानमाथि सरकार पूर्वाग्रहको बन्चरो हान्दैछ।'

**प्रसंग ४**

हेटौँडामा पुष्पकमल दाहाल प्रचण्डको तस्बिर जलाए राजावादी निराजन पलाँताले । थरमा 'बम' पनि छ । 'बमबारी'बाटै राज्यसत्तामा पुगेको व्यक्तिको तस्बिर जलाउने बमलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले गिरफ्तार पनि गरेको थियो । तर तस्बिर जलाउँदैमा पक्राउ गर्न हुन्न भनेर बमबारीका मुखिया पुष्पकमल दाहाल प्रचण्डले सामाजिक सञ्जालमा लेखे । आइतबार साँझ मकवानपुरको माओवादी पलाँता छुटाउन जिल्ला प्रहरी कार्यालय हेटौँडामा 'रात परिसक्यो भन्दै हस्याङफस्याङ गर्दै' पुग्यो।

यी चार प्रसंगको संकेत के हो ? किन माओवादी र राजावादी हामीले उहिले पढ्ने गरेको भारण्डपंक्षी जस्तै हुलिया मिलिरहेको छ ? कुनैबेला मिराकल देख्ने डा. लोहनी र राजावादीले तस्बिर जलाउँदा पनि अधैर्य नभइ आममाफी दिने मसिहाका रुपमा पुष्पकमल दाहाल फेरि किन प्रचण्डरुपबाट पछि हटेर छबिलाल संस्करणमा झरे ? अहिले सडकमा देखिएको जुलुशको संकेत राजा ल्याउने होइन, देउवा या प्रचण्ड ल्याउने मात्रै हो भनेर गाउँगाउँमा किन सञ्चार हुँदैछ ? यतिमात्र होइन, सत्तामा केपी शर्मा ओली छन्, सारथि शेरबहादुर देउवा छन् । तर राजावादी पुष्पकमल दाहालको तस्बिर किन जलाइरहेछ ? अनि माओवादी एमाले र जसपाप्रति नरम हुन नसकेका बेला एकाएक 'पलाँता'हरुको माउपार्टीप्रति प्रिय किन भइरहेको छ?

आमरुपमा अहिले जनताको मष्तिष्क (हुन त दलहरु जनताको मष्तिष्क हुन्न भन्ने भ्रममा छन् !) यही विषयले तातिरहेको छ । मकवानपुरमा माओवादीको पोजिसन प्रदेशमा दुई सिट हो । बलियो पार्टी नेकपा एमाले हो । उसको रिस एमालेसँग नभएर प्रचण्डसँग किन भयो अनि प्रचण्डले किन आममाफी दिए ? यो 'छोरी कुटेर बुहारी तर्साउने' सिरियल हो कि 'तँ रोएजस्तो गर म कुटेजस्तो गर्छु' भनेर 'स्क्रिप्टेड' छ ? यसमा डाक्टर लोहनीले भने झैँ सरकारको हराउँदै गएको मिराकलको गुण माओवादी अध्यक्षले तिरेका पो हुन् कि ? नत्र कुलमानका विषयमा कसरी पुरातनवादी राप्रपा र क्रान्तिकारी माओवादीको कुरा मिल्छ ? राप्रपालाई कुलमान कुनै गुण लगाएजस्तो देखिन्न । देश उज्यालो पार्दा कुलमान जनताका थिए । जसै उनले माओवादीको पिताम्बर ओढे, यो त हिन्दूहरुले ओढ्ने 'जिनिस' हो भनेर राजावादीले कुलमान अब्बल र दुई तिहाइछेउको सरकार खराब पो देखेका हुन् कि ? कि माओवादी जाने कि राजावादी।

कतिसम्म हल्ला चलाइएको छ भने राजावादीको सक्रियताको धूपबत्तीले सरकारलाई असर गर्ने र यसमा प्रचण्ड सरकारमा सहभागी भए तत्कालका लागि राजतन्त्रको भूतले अरु नतर्साउने भएकाले प्रधानमन्त्री केपी ओली फेरि माओवादीलाई सँगै बोक्न तयार छन् भनेर समाचार कारखानाहरु सञ्चालनमा ल्याइएका छन् । समाचार कारखानाका कारिगरहरु सत्तालाई यसरी नै बेलाबेला 'झक' मारिरहरन्छन् । तर बलियो साथ दिने कांग्रेस हुँदाहुँदै प्रधानमन्त्री तथा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई ३२ सिटको जादू हेर्ने रहर अहिले जागेको होला र ? जाग्नु पर्ने कारण पनि छैन । कांग्रेसले काँध छाडेका दिन एमाले एक्लै सडकमा हो, सदनमा हो, बलियो प्रतिपक्षी हो । कतिदिन '३२ सिटे'हरु टालटुल पारेर फेरि 'टालाटुली बाटुली सरकार' चलाउने ? पहिला पनि चलाइएकै हो । दुई तिहाइको छेउमा रहेको सरकार त बनेको महिना नपुग्दै ढाल्छौँ, सिध्याउँछौँ, सकाउँछौँ भन्नेहरुका अगाडि चौथोपटकको अनुभवले सायद प्रधानमन्त्री ओलीलाई 'कान्छामामा'को गतिमा जानु पर्ने बाध्यता पनि छैन । चुनाव नजिक छ । एमालेका संगठित सदस्यको समेत हिसाब हुँदैछ । जरा अभियान चलाइरहेको एमालेलाई पक्कै ३२ सिटको जादूमा रत्तिने भारतको कुम्भमेला भन्दा बढी चर्चा भएकी मोनालिसाजस्तो देशको पहिलो पार्टी भन्दा ३२ सिटे प्रिय हुने भए किन यही साल असार १७ गते राति भुक्क लात्ताले हान्नु पर्थ्यो र ?

फेरि पनि प्रधानमन्त्रीविरुद्ध यतिखेर बनिबनाउ समाचार कारखाना सकिनसकी पाइन हालिरहेका छन् । गणतान्त्रिक आरनमा राजतन्त्रको स्वाग हालिरहेका छन् । आरन ब्रान्डिङ नहोला कि भनेर छिमेकबाट पोष्टर ल्याइएको छ । यो ५० सालतिर मन परेकी सहपाठीलाई प्रेम प्रस्ताव गर्न हामी पनि राजेश हमालको भन्दा सञ्जय दत्तको पोष्टकार्डमा नयाँ वर्ष र दशैँको शुभकामना पठाउने एकतर्फी कुर्कुरे जवानीमा थियौँ, त्यसैको अपडेटेड भर्सन मात्रै हो राजतन्त्रका लागि छिमेकी फोटो । भन्नलाई त यो पनि प्रधानमन्त्रीको काम भनेर विषयान्तर गरिएको छ । भारतीय कमेडी कवि शम्भू शिखर भन्छन्, 'पाकिस्तानलाई तर्साउन हामीलाई एके ४७ नै पर्दैन, भारतीय मिडिया काफी छन् ।' यस्तै अहिले नेपालमा राजतन्त्र ल्याउन उनीहरुको भ्यानभ्याइ देखिन्छ । भारतीय मिडियामा त नेपालमा राजतन्त्र आइसक्यो, घोषणा हुन बाँकी छ।

यी सबै घटनाक्रमको सिधा संकेत छः छिमेकीले बुहारी भित्र्यायो, हाम्रो भन्दा राम्रो भित्र्यायो, यसै मन दुःखी । उसमाथि बुहारी भित्र्याएको भोजमा हामीलाई बोलाएन । झन दुःखी । यसरी छिमेकी रिसाएको बहानामा हाम्रो राज्यसत्तामा मिलजुल धावा कम्पनी चलाइएको छ । यो कम्पनीको छापामार एउटा देखाइएका छन्, कम्पनी कमाण्डर अर्कै छन्, ब्रिगेडिएर अरु भइरहेका छन् । जसरी हुन्छ, प्रधानमन्त्रीलाई बहुमतको सरकारमा असहज बनाउने पुलिन्दा बाँडफाँड नै ध्येय देखिन्छ । यो ध्येयमा कसको कति शेयर छ, त्यसमा मूली को होला ? तपसिलको विषय हो । तर अहिले प्रधानमन्त्री पार्टीभित्र पनि कमजोर भएको भनेर अर्को कारखाना सञ्चालनमा आएको छ । यतिसम्मकि प्रधानमन्त्री अली महाधिवेशनमा पुगेको भनेर चर्चा गरिएको छ । एउटा जिउँदो पार्टी, जसमा देशमा पहिलो पार्टीको भन्दा बढी समानुपातिक मन र मत जोडिएको छ, त्यो पार्टीलाई कमजोर बनाउने गरी उत्पादन भएका समाचारले तत्कालका लागि केही भ्युज र रिडरसीप त बढ्ला तर पत्रकारितामा भित्रिरहेको मलफंसन र मलप्राक्टिसले अदृश्य शक्तिहरुलाई मात्र फाइदा पुगिरहेको छ।

भारतमा नरेन्द्र मोदीपछिका नेता को हुन्, उनीहरुको विषय हो । तर हामी भारतमा कुम्भमेला र भेला गर्ने योगी आदित्यनाथको ब्रान्डिङ गरिरहेका छौँ । अमित साह र राजनाथ सिंहपछि योगी हुन् या योगी पछि साह र सिंह । हामी अशल छिमेकी बनेर उसको प्रगतिमा शुभेच्छुक हुने हो र उसबाट लिन सकिने लाभमा साझेदार हुने हो । फलानो हुँदा हामीलाई सुन र फलानो हुँदा पित्तल उपलब्धी हुन्छ भनेर कुर्लन मिल्दैन । नेपालमा योगीको फोटो राजतन्त्रका लागि भन्दा भारतमा अबको नेतृत्वका लागि भनेर छिमेकीको प्रचार चैँ हुनसक्छ, फेरि बोक्नेहरुले नै यो भारी पनि प्रधानमन्त्रीलाई बोकाइदिएर नैतिकतालाई धूलोपिठो पारिदिएपछि के नै भन्नु–लेख्नु ?

२०५९ सालमा ५९ प्रतिशत गरिबीको रेखामुनि रहेका नागरिक अहिले १९ प्रतिशत मात्र निरपेक्ष गरिबीको रेखामुनि छन् । अष्ट्रेलियामा घर किन्नेमा विश्वका सातौँ हामी हौँ । संघीयता कार्यान्वयनसँगै स्थानीय र प्रदेश सरकार बनेपछि हाम्रो भूमिको भाउ बढेर सयलका लागि विदेशिन नपर्ने भएको छ र जो विदेशिएका छन्, अब पुर्ख्यौली सम्पत्ति बेचेर उतै 'सेटल' हुने क्रम बढेकाले हाम्रो प्रदेश सरकारको जत्रो बजेट त हामी वैदेशिक अध्ययनका नाममा खर्चिइरहेका छन् । मेडिकल कलेज खोलौँ भन्दा किन चाहियो कर्णालीमा मेडिकल कलेज भनेर अनशन बस्ने गोविन्द केसीहरु हाम्रा रोलमोडल छन् । हुलाकी राजमार्ग, मध्यपहाडी राजमार्ग, पूर्वपश्चिम ६ लेनको राजमार्गले जनतालाई बाटो, बिजुली र विकाससँग जोडेको छ । नाकाबन्दीकालमा हामी एक हजार २ सय रुपैयाँ किलो ड्रागन फ्रुट र किवी किनेर शालीनता देखाउँथ्यौँ। आज हिमाल र पहाडमा किवी र तराई भूमिमा फलेको ड्रागन फ्रुटले नेपाली मुखमा २ सय रुपैयाँ भन्दा तलमा यी फलफूल पाउँछौँ । गाउँ फर्केर उत्पादनमा लागे स्थानीय र प्रदेश सरकारले दिने राहत र अनुदानमा हाम्रो आकर्षण छैन । वश नेताहरुले बालकोट, बोहोराटार, बुढानीलकण्ठमा घर बनाए भनेर झोक्किएका छौँ । गाउँमा तपाईं दैनिक ४० लिटर दूध उत्पादन गर्ने दुई वटा गाई र भैँसी पाल्ने किसान हुनुहोस्, अनुदान मनग्य पाउनु हुन्छ, नपत्पाए बागमती प्रदेशको चितवनका खैरहनीका किसानकहाँ गएर बुझ्नुहोस्।

तपाईंलाई देशमै काम चाहिएको हो कि राजा ? अनि राजाको ह्याङ देखाएर किन भन्नुहुन्न सत्ता चाहियो ? सत्ता सजिलै पाइने जिनिस थिएन । यत्रा वर्ष कुरेपछि २ वर्षपछि दुई तिहाइ ल्याएर कांग्रेस एमालेलाई पत्तासाफ पार्दै संविधान नै बदल्न सकिनेमा अहिले नै 'राजा ल्याउँछौँ' भन्नेहरु र गठबन्धनमा बहुमत नहुँदा पनि अहिले नै 'सत्ता चाहियो' भन्नेहरुको कहाँबाट '¥याङको ठ्याङ' मिलिरहेको छ, जवाफ त ढिलोचाँडो दिनुपर्ला । तराई मधेश जागरणपछि माओवादीमा 'माओवाद' जागृत भयो कि लापत्ता ? वश अहिले प्रधानमन्त्रीविरुद्धका प्रहारहरु सत्ताकेन्द्रित हुन कि मुलुकको अग्रगामी हितखातिर ? अहिलेसम्मका नाराबाजी र आक्रोशमा कांग्रेस समर्थित एमाले सरकार भन्दा नेपालहितका कुनै नयाँ पाठ्यक्रम देखिन्नन् । वश एमालेलाई सत्ताबाट लखेट्न छिमेकी अगुल्टो बोकेर तयार भएपछि पलाँता प्रचण्ड खिचडी पकाउन हतारो मात्रै पो हो कि ? यो सरकार बनेपछि राजावादी हौसिए भन्ने सुप्रिमोको वाणी सुनियो । जुन दिन गाउँमा माओवादी आए, गाउँका युवा, पुलिस, आर्मी सबै हराए । जब माओवादी शहर छिर्यो, देशका नागरिक हराए । ५ लाख बस्न योग्य घर खाली भएको केपी शर्मा ओली असार ३० गते प्रधानमन्त्री भएपछि होइन नि !

# राजनीतिक दलले जनतासामु गरेका प्रतिबद्धता पूरा गर्नुपर्छ



मनरुपा शर्मा

राष्ट्रियसभाको सदस्य भएको एक वर्ष पूरा भयो । राष्ट्रियसभामा एक वर्ष रहँदैगर्दा धेरै विषयमा अनुभव हासिल गरेकी छु । मैले संसद्मा रहेर जति गर्नुपर्ने हो, त्यति गर्न सकेकी छैन । संसद्मा जनताको आवाज उठाउने, कानुन निर्माण प्रक्रियामा सहभागी हुने कुरा त भइहाल्यो । तर जनताको अवस्था सुधार गर्न ठोस काम गर्न नसकेको अनुभूति भइरहेको छ । संसद्मा आइसकेपछि मलाई देशभर गाउँगाउँमा जाने अवसर मिल्यो । गाउँमा अझै पनि जनताको अवस्था उस्तै छ । उनीहरूले व्यवस्था फेरिएको अनुभूति गर्न पाएका छैनन् । सडक, विद्यालय र स्वास्थ्यचौकी गाउँगाउँमा पुगेको छ । तर जनताको अवस्था नाजुक नै छ । गाउँमा युवा छैनन् । रोजगारीका लागि युवा विदेश जाने क्रम बढ्दो छ ।

हामी राजनीतिक दलले निर्वाचनको समयमा जनतासामु राखेका प्रतिबद्धता पूरा गर्न सकेका छैनौँ । कुनै एउटा मात्र राजनीतिक दलले होइन, सबै राजनीतिक दलले आफ्ना प्रतिबद्धता पूरा गर्न सकेका छैनन भन्ने लाग्छ । हामी मुलतः सत्तातिर नै बढी लक्षित छौँ । राजनीतिक खिचातानीमै व्यस्त छौँ । संविधानको कार्यान्वयन जति हुनुपर्ने हो, त्यति हुनसकेको छैन । सङ्घीयताको सवालमा अधिकार स्थानीय तहसम्म पुर्याउने विषयमा सङ्घीय सरकारबाट कन्जुस्याइँ गरेको देखिन्छ । महिला, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अपाङ्गताको क्षेत्रलगायत सीमान्तकृत समुदायको हकमा संविधान पूर्ण रूपमा कार्यान्वयन भएको देखिँदैन । आवश्यकताका आधारमा मुख्य मुख्य ऐन बनेका छन् । तर मौलिक हकअन्तर्गतका कानुन बन्न सकेका छैनन् । महिलाको अधिकारको व्यवस्था संविधानमा गरिएको छ, तर त्यसको कार्यान्वयन हुनसकेको छैन । अहिले देशमा संविधान संशोधनको बहस चलिरहेको छ । सरकार, प्रमुख दलहरू, सत्तारुढ दलहरूले संविधान संशोधन गर्नुपर्ने विषय के हुन् भनेर छलफलमा ल्याएका छैनन् । अहिले संशोधन नगरे पनि हुने विषयलाई अगाडि सारेको देख्दैछु । पहिलो कुरा सीमान्तकृत समुदायको अधिकार संविधानमा जति सुनिश्चित गरिनुपर्ने हो, त्यति भएको छैन । अर्को सुनिश्चित भएको अधिकार पनि कार्यान्वयन भएको छैन । सीमान्तकृत समुदायको अधिकार थप गर्ने विषयमा संशोधन गर्नुपर्छ । त्योसँगै शासन प्रणाली र निर्वाचन प्रणालीलाई पनि संशोधन गर्नुपर्छ । अब देशमा प्रत्यक्ष कार्यकारी राष्ट्रपति र प्रधानमन्त्री हुनुपर्छ । राष्ट्रपति र प्रधानमन्त्री संसद्ले चुन्ने विषय त्यति पारदर्शी देखिएको छैन।

सङ्घीयता सुदृढीकरणका निम्ति प्रदेश र स्थानीय सरकारलाई पर्याप्त अधिकार दिनुपर्छ । हाम्रो सङ्घीयतामा प्रदेश र स्थानीय सरकारलाई सङ्घीय सरकारले हस्तक्षेप गरेको जस्तो देखिन्छ । स्थानीय निकायलाई आफ्नै तरिकाले चल्न नदिने हो भने सङ्घीयता कार्यान्वयनमा जटिलता उत्पन्न हुनेछ । सङ्घीयता कार्यान्वयन गर्न स्थानीय निकायका लागि सङ्घीय सरकारले बनाइदिनुपर्ने कानुनलाई जतिसक्दो चाँडो बनाइदिनुपर्छ । निजामती सेवा ऐन, शिक्षा ऐन, प्रहरी ऐनलगायत थुप्रै कानुन बन्न सकेका छैनन् । त्यसलाई ल्याउनका लागि सबै राजनीतिक दलले सहयोग गर्नुपर्छ । सुशासनका निम्ति जनताका जनजीविकाका सवाललाई सरकारले सम्बोधन गर्नुपर्ने खाँचो छ । सरकारले महिला र दलितको सवाललाई सम्बोधन गर्नुपर्छ । जनतालाई शान्ति सुरक्षाको अनुभूति दिनुपर्छ । महिलाको उत्थानको निम्ति संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्नुपर्छ । संविधानको धारा ३८, ७०, ८४, ९१, ९२ लगायत महिलासँग सम्बन्धित संवैधानिक व्यवस्थालाई व्यावहारिक रूपमा नै कार्यान्वयन गर्नुपर्छ । संविधानको धारा ३८ को 'महिलाको हक' मा 'प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने' र 'सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ' भनिएको छ । तर त्यसको पूर्ण रूपमा कार्यान्वयन भएको देखिँदैन । त्यसैगरी संविधानको धारा ७० मा राष्ट्रपति वा उपराष्ट्रपति फरक–फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था छ । धारा ८४ मा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था गरिएको छ । धारा ९१ मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनेगरी निर्वाचन गर्नुपर्ने भनिए पनि महिलालाई सभामुखभन्दा पनि उपसभामुखमै सीमित गर्ने गरेको देखिन्छ । त्यसैगरी धारा ९२ बमोजिम राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्छ भनिएको छ । त्यहाँ पनि महिलालाई उपाध्यक्षमै सीमित गरिएको छ । यदि व्यावहारिक रूपमा महिलाको उत्थान गर्ने हो भने मुलुकको नीतिनिर्माण तहको नेतृत्वदायी भूमिकामा उनीहरुलाई अवसर दिनुपर्छ । अहिले सङ्घीय संसद्मा ३४ प्रतिशत, प्रदेशसभामा ३६.५ र स्थानीय तहमा ४१.१ प्रतिशत महिलाको सहभागिता छ । त्यसैगरी निजामती सेवामा अहिले करिब २८ प्रतिशत महिला कर्मचारी छन् । महिलाको सहभागिता केही मात्रामा वृद्धि भएको छ । तर यो पर्याप्त भने होइन । महिलाले अधिकारका निम्ति अझै सङ्घर्ष गर्नुपर्ने देखिन्छ।

बढ्दो युवा पलायन रोक्न व्यावहारिक शिक्षा दिनुपर्छ । हाम्रोमा व्यावहारिक शिक्षा भएन । व्यावहारिक शिक्षा नभएका कारण अहिले स्नातकोत्तर उत्तीर्ण युवा पनि बेरोजगार बस्नुपरेको छ । नेपालको शिक्षामा भविष्य नदेखेपछि धेरै युवा १२ कक्षा सकेपछि विदेशिने लहर चलेको छ । त्यसलाई रोक्न शिक्षा प्रणालीमा सामयिक सुधार गरी रोजगारमूलक बनाउनुपर्छ । रोजगारी सृजनातर्फ सरकारले विशेष प्राथमिकता दिनुपर्छ । हामीसँग युवालाई रोजगारी दिन उद्योग छैन । कृषिमा लगानी बढाउनुपर्छ । नेपालमा सम्भावना नभएको होइन । तर त्यो सम्भावनालाई प्रयोगमा ल्याउन सकिएको छैन । केही युवाले देशभित्र उद्यम सुरु गरेका छन् । उनीहरूलाई अझ प्रोत्साहित गर्नुपर्ने खाँचो छ । समग्रमा देशमा देखिएको शिक्षा, स्वास्थ्य, बेरोजगारीलगायत समस्या समाधान गर्दै जनताको अवस्था परिवर्तन गर्न राजनीतिक दलहरू मिल्नुको विकल्प छैन । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# लालापट्टीमा आगलागी हुँदा लाखौँको क्षति

**उमेश कुमार साह**
**सप्तरी ।**

छिन्नमस्ता गाउँपालिका वडा नम्बर ४ लालापट्टीमा मंगलबार आगलागी हुँदा १८ लाख रुपैयाँ भन्दा बढीको क्षति भएको छ । बिजुलीको तार सर्ट भइ आगलागी हुदाँ ४ परिवारको आधा दर्जन बढी घर तथा गोठ जलेर १८ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।



आगलागीबाट देव नारायण पण्डित, रामेश्वर पण्डित, धनराज पण्डित, जुगेश्वर पण्डितको घर तथा गोठमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। आगलागीबाट देवनारायणको २, रामेश्वरको १, धनराजको १ भन्सा घर र गोठ र जुगेश्वरको १ गाई गोठ तथा खाद्यन्न, लत्ताकपडा, नगद, गरगहना, फर्निचर, पशुचौपाया,विद्युतीय उपकरणसहितका सामग्री जलेर क्षति भएको छ ।

आगलागीमा परी देव नारायणको पिलरको खम्बा, बासको टाटी र टिनको छानो भएको घर दुई वटार र घरभित्र रहेको लत्ताकपडा खाद्यान्य, फर्निचर, भाँडाकुँडा, मोबाइल थान–२, पंखा थान–२, बिजुलीको मिटर थान–१, सुन ४ आना, चाँदी २० तोला, जलेर पूर्णरुपमा जलेर सात लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

यसैगरी, रामेश्वरको पिलरको खम्बा, बाँसको टाटी र टिनको छानो भएको घर र घरभित्र रहेको लत्ताकपडा, खाद्यान्न, फर्निचर, भाँडाकुँडा, पंखा थान–२, बिजुलीको मिटर थान–१, सुन ६ आना, चाँदी २५ तोला, खसी दुई वटा जलेर सात लाख रुपैयाँको क्षति भएको तथा भैँसी–१ घाइते, पाडी–२ घाइते भएको छ ।

यस्तै, धनराजको पिलरको खम्बा, बाँसको टाटी र टिनको छानो भएको गाई गोठ, भान्सा घरभित्र रहेको लत्ताकपडा, खाद्यान्न, फर्निचर, भाँडाकुँडा जली तीन लाख रुपैयाँ क्षति भएको छ भने जुगेश्वरको पिलरको खम्बा, बाँसको टाटी र टिनको छानो भएको गाई गोठ जली एक लाख पचास हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

आगो स्थानीय, प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# दुर्घटनामा एकको मृत्यु

**सर्लाही ।**

हुलाकी सडक खण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् । प्रदेश २–०३–०१८ प ३२०६ नम्बरको मोटरसाइकलमा सवार रौतहटको दुर्गा भगवतीपुर गाउँपालिका–५, बस्ने ४६ वर्षका नरेशप्रसाद जयसवालको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेर गम्भीर घाइते भएका जयसवाललाई तत्काल उपचारका लागि वीरगंज लैजाँदै गर्दा बाटोमा मृत्यु भएको परिवारलाई उद्दत गर्दै जिल्ला प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए । सोही मोटरसाइकलमा सवार राजदेवी नगरपालिका–३, पथरा बस्ने ४५ वर्षका सिकेन्द्र बैठा गम्भीर घाइते भएका छन् । बैठाको वीरगंजमा उपचार भइरहेको प्रहरीले जनाएको हो ।

दुर्घटनामा संलग्न अर्को प्रदेश २–००६ प ००६ नम्बरको मोटरसाइकलका चालक सर्लाहीको रामनगर गाउँपालिका–१, निवासी ३० वर्षका होसनारायण रायलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दुवै मोटरसाइकलसमेत नियन्त्रणमा लिएर घटनाको अनुसन्धान शुरू गरेको प्रहरी नायब उपरीक्षक राईले बताए ।

मृतक जयसवालको शव परीक्षणका लागि वीरगंजस्थित बयोधा अस्पतालमा राखिएको छ ।

# वीरगंज उद्योग वाणिज्य संघमा ६८ उम्मेदवारी

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज उद्योग वाणिज्य संघको नयाँ नेतृत्वको लागि मंगलार मनोनयन भएको छ । संघको ४९ औँ साधारसभाबाट नयाँ नेतृत्वको निर्वाचनका लागि मनोनयन भएको हो ।




६८ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत अधिवक्ता बालमुकुन्द खरेलले बताए । उनका अनुसार वाणिज्यतर्फ १५ पदका लागि २९ जनाको उम्मेदवारी परेको छ । उद्योगतर्फ १३ पदका लागि २६ जनाको उम्मेदवारी परेको छ । यस्तै, एसोसिएटतर्फ ६ पदका लागि १२ जनाको उम्मेदवारी परेको छ । यस्तै, एफिलेसनतर्फ १ पदमा एकजनाको मात्रै उम्मेदवारी परेको निर्वाचन अधिकृत खरेलले बताए ।

# बंशीराम जयसवाल अनाथालयलाई नगरपालिकाको पाँच लाख

**आरके श्रीवास्तव**
**रौतहट ।**

गरूडास्थित बंशीराम जयसवाल अनाथालयलाई गरूडा नगरपालिकाले पाँच लाख रुपैयाँ सहयोग गरेको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत अनाथालयलाई हरेकवर्ष झैँ यस वर्ष पनि सहयोग गरिएको हो ।



नगरप्रमुख कन्थमनी जयसवालले अनाथालयका संस्थापक बंशीराम जयसवाललाई पाँच लाख रूपैयाँ बराबरको चेक हस्तान्तरण गरे । अनाथालयमा आश्रित अनाथ तथा असहाय बालबालिकाहरूको शिक्षा, खानपान तथा आवश्यक सुविधाको व्यवस्थापनका लागि अनुदानस्वरूप रकम प्रदान गरिएको नगरप्रमुख जयसवालले बताए । अनाथ तथा असहाय बालबालिकाको उज्ज्वल भविष्यको सुनिश्चितता तथा अनाथालयको प्रतिष्ठा जोगाउन हरसम्भव सहयोग गर्ने प्रतिबद्धता समेत मेयर जयसवालले जनाए ।

यसरी नै सहयोग र दानको भरमा चल्दै आएको अनाथालयलाई मेयरमा निर्वाचित भएदेखि नै प्रत्येक वर्ष ५ लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउँदै भइरहेको छ । अनाथालयमा २६ बालबालिकाको यस्तै सहयोग र दानबाट पालनपोषण हुँदै आएको छ । मनकारी दातालाई अनाथालय परिवारले सहयोगको अपेक्षा व्यक्त गरेको छ ।

# रेडियो नेपालका पत्रकारमाथि आक्रमण

**महोत्तरी ।**

रेडियो नेपालका महोत्तरी संवाददाता मञ्जित राममाथि भएको साङ्घातिक आक्रमणको चौतर्फी निन्दा एवम् भत्र्सना गरिएको छ । सोनमा गाउँपालिका–५ स्थित आफ्नै निवासमा बसिरहेको अवस्थामा आइतबार दिउँसो गाउँकै कुँजविहारी यादवसहित निजको परिवारका सदस्य मिलेर पत्रकार रामको घरमा जबर्जस्ती प्रवेश गरी बन्धक बनाएर निर्घात रूपमा कुटपिट गर्नुका साथै बर्बर यातना दिएर घाइते बनाएकोप्रति सञ्चारमाध्यमले निन्दा एवम् भत्र्सना व्यक्त गरेका हुन् ।

पत्रकार रामलाई कुटपिट, बन्धक, बर्बर यातना र घाइते बनाएकामा नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिको तर्फबाट महासचिव रामप्रसाद दाहाल, नेपाल पत्रकार महासङ्घ प्रादेशिक कार्यसमिति मधेश प्रदेशको तर्फबाट महासचिव शैलेन्द्र महतो, नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाको तर्फबाट सचिव रामनारायण महतो, नेपाल प्रेस युनियन महोत्तरी शाखाबाट सचिव नवीन चौधरी र प्रेस सेन्टर नेपाल महोत्तरीबाट सचिव विकास आर्य ठाकुरले छुट्टाछट्टै विज्ञप्ति जारी गर्दै घटनाको भत्र्सना गरेका छन् ।

जारी विज्ञप्तिमा कुनै पनि बहानामा पत्रकार राममाथि गरिएको आक्रमण निन्दनीय र प्रेस स्वतन्त्रतामाथिको अपराध भएको, पत्रकारलाई हतोत्साहित एवम त्रसित बनाउने काम भएकाले यस हर्कतमा संलग्नलाई तत्काल कानूनी दायरामा ल्याउन र पत्रकार रामलाई सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित निकायसँग माग गरिएको छ । विज्ञप्तिमार्फत शरीरका विभिन्न भागमा चोट लागेर प्रादेशिक अस्पताल जलेश्वरमा उपचाररत पत्रकार रामको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले घाइते पत्रकारको स्वास्थ्य परीक्षण र आवश्यक जाँच गराइएको बताउँदै घाउखतको रिपोर्ट आएपछि अनुसन्धान प्रक्रिया अघि बढाइने बताए । उनले घटनामा संलग्न भएकाको खोजी भइरहेको उल्लेख गरे । रासस

Government of Madhesh Province
Ministry of Energy, Irrigation and Water Supply
Groundwater Resources and Irrigation Development Division
Jaleshwar, Mahottari

## Invitation for Electronic Bids

First Date of Publication: 2081/12/06 B.S. (19th March, 2025)

1. Groundwater Resources and Irrigation Development Division, Jaleshwar, Mahottari invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.
2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit Ground Water Resources and Irrigation Development Division, Jaleshwar, Mahottari. For contact: 044-520454, 9860584646

| S.N. | Contract No. | Description of Works/Name of Project | Bid Document Price (Non Refundable) | Bid Security Amounts in NRs./Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1. | 03/NCB/WORKS/GWRIDDM/081/82 | Construction of 8" (200 mm) dia. Deep Tubewell in Hanspur-05,Dhanusha | Nrs.3,000/- | 60,000/- 120 Days | 90 Days |
| 2. | 04/NCB/WORKS/GWRIDDM/081/82 | Construction of 8"(200 mm) dia. Deep-Tubewell in Gaushala-12,Kantibazzar,Mahottari | Nrs.3,000/- | 65,000/- 120 Days | 90 Days |

Division Chief

## भुल सुधार

मिति २०८१/१२/०५ गतेको **मधेशदृष्टि राष्ट्रिय दैनिक**मा धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको सुचना प्रकाशित गरिएको जग्गाहरुको विवरणमा स्व. हुसेनी राउत बरैको नाती, जगरनाथ राउत बरैको छोरा, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न. ८०२३०३८८,जारी मिति २०३४/०४/१५, पर्सा) बर्ष ६४ को महेन्द्र प्रसाद बरैको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित **किता नं. ९४** को जम्मा क्षेत्रफल क्रमशः ०००४२.३० वर्ग मिटरको घर जग्गा र जगरनाथ राउत बरैको बुहारी, महेन्द्र प्रसाद बरैको पत्नी, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.नं.८०२३१४७९,जारी मिति २०४४/१२/१२, पर्सा) बर्ष ५५ की शेषकली देवि चौरसीयाको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित **किता नं.९३, ९५ र १३४** को जम्मा क्षेत्रफल क्रमशः ८४.६०, ०००४२.३० र ०००१६.९६ वर्ग मिटर को घर जग्गा हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# Shambhunath Municipality

**Office of Municipal Executive**
**Kathauna, Saptari**
**Madhesh Provence Nepal**

## Invitation for BidS

First Date of Publication: 19/03/2025

**Contract Identification No: 02T/NCB/SHMUN/2081/082**

1. **Shambhunath Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction of School Building Ward No. 10 under National Competitive Bidding procedures. The estimated amount for the works is **Nrs. *6557795.36 (Exclusive of VAT)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shambhunath Municipality, Kathauna, Saptari** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically by downloading the bidding documents for e- submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically should deposit the cost of Bidding in the following Revenue account as specified bellow. Information to deposit the cost of bidding document in Bank:
   Account Name: Shambhunath Municipality, Kathauna, Saptari
   Bank Name: Rastriya Banijya Bank, Kathauna, Saptari Office Revenue
   Office Code No. :- 80215406
   Account no.2320100301010008: (for Purchasing bid)
   Rajaswa (Revenue ) Sirsak No. :- 14229
   Cost of bidding document : NRs. 3000.00
4. Electronic bids must be submitted through PPMO's e-GP System www.Bolpatra.gov.np/egp on or before 12:00 PM of 18/04/2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 18/04/2025, 13 :00 at office of ***Shambhunath Municipal Executive Kathauna, Saptari Nepal.*** Bids must be valid for a period of **90 days from the date of bid opening and must be accompanied** by scanned copy of the bid security in .pdf format of e-bid, amounting to a minimum of **Nrs. 1,85,000.00 (One Eighty Five Thousand Only)** which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the cost of the bid security amount in Bank:
   Account Name: Shambhunath Municipality, Kathauna, Saptari
   Bank Name: Rastriya Banijya Bank, Kathauna, Saptari Office
   Account no.: 2320100303000008 (for bid security)
6. If the last date of purchases or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Shambhunath Municipality reserve the right to accept or reject, wholly, partly any or all bid documents without assigning any reasons, Whatsoever. In case of discrepancies or error in bid notice or any other documents Municipal reserve the right to amend or correct any time.
8. Interested bidders may be obtain further information from the procurement of e-bid during office hours 9852843111, 9842879468, 9801517537

**- Shambhunath Municipality**



स्ववियु निर्वाचनः सर्लाही क्याम्पस मलङ्गवामा मंगलबार जारी स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा मतदान तथा समर्थकको पक्षमा मत माग्न क्याम्पस गेटअगाडि भेला भएका विद्यार्थी । तस्बिरः विश्वनाथ ठाकुर

# स्ववियु चुनाव विद्यार्थीको कि दलहरुको ?

**मधेशदृष्टि**
**रौतहट ।**
आम विद्यार्थी मोर्चाका अध्यक्ष विवेक साहले स्ववियु चुनाव विद्यार्थीको नभई दलतन्त्रको चुनाव भइसकेको बताएका छन् । देशैभर स्ववियु निर्वाचन चलिरहेको बेला मधेशदृष्टिसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् ।

देशमा क्याम्पस प्रमुख नियुक्त हुँदा सबै पार्टीमार्फत आउँने उनको प्रतिक्रिया छन् । देशमा दलतन्त्र जसरी हाबी भएको छ, त्यसरी नै क्याम्पस प्रमुख पनि विभाजित भएको उनले बताए । त्यही क्याम्पस प्रमुख र पार्टीको मिलोमतोमा तिनका विद्यार्थी संगठनले चुनावमा भाग लिने गरेको र पार्टीको दलबलले, व्यापारीको शक्तिले उनीहरुकै खर्चबर्चले चुनाव जित्ने उनको तर्क छ ।



उनले भने, 'एक अर्थमा भन्ने हो भने स्ववियु निर्वाचन नै दुर्गन्धित भइसकेको छ । खुलारुपमा दारु मासुको खेल भइसकेको छ । ठेकेदार, कर्मचारीदेखि नेताहरु चुनावमा फसेका छन् । यो चुनाव स्वतन्त्र हुनुपर्नेमा सबैतिरका मान्छे हाबी छन् ।'

इमान्दार एवम् आम विद्यार्थी लड्ने वातारण नरहेकाले आम विद्यार्थी मोर्चाले देशमा भइरहेको स्ववियु निर्वाचन बहिष्कार गरेको उनले बताए । दलका नेताहरूले देश लुटिरहेको र तिनका विद्यार्थी संगठन कलेज लुट्न व्यस्त भएको उनले आरोप लगाए ।

उनी थप्छन्, 'पार्टीले क्याम्पस प्रमुख नियुक्त गर्छन् र त्यही क्याम्पस प्रमुखको मिलोमतो र नेता एवम् व्यापारीको लाखौँ रुपैयाँको चलखेलले दलका विद्यार्थी संगठन जित्छन् । परिणाम यो छ कि विद्यार्थी संगठन नभएको कलेजमा राम्रो एवम् गुणस्तरीय पढाइ हुन्छ तर विद्यार्थी संगठन भएको ठाउँमा प्रशासनसँग भागबण्डाको खेलसँगै आन्दोलन र राजनीति बढी तथा पढाइ शून्य हुने गरेको छ ।' उनले आम विद्यार्थी मोर्चाले स्ववियु निर्वाचन बहिष्कार गरेको र सम्पूर्ण विद्यार्थीलाई यस कुकर्मको हिस्सा नबन्न अनुरोध गरे ।

# चोक नामकरणको विवादमा सहमति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको सबैला नगरपालिकामा चोकको नामकरण विषयमा तीनदेखि जारी तनाव तत्कालका लागि व्यवस्थापन भएको छ । मंगलबार प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको संयोजकत्वमा बसेको जिल्ला सुरक्षा समितिको बैठकले दुई पक्षबीच सहमति हुने वातावरण बनाउन सफल भएको हो ।

सुरक्षा समितिका पदाधिकारीसँगै सम्बन्धित दुवै पक्षबीच लामो छलफल भई दुई महिनाभित्र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम चोकको नामकरण गर्ने शर्तमा तत्काल विवाद साम्य भएको हो । बैठकले प्रदर्शनक्रममा प्रहरीको गोली लागेर घाइते सन्तोष यादवको उपचार खर्च व्यवस्थापनका लागि जिल्ला सुरक्षा समितिबाट निर्णय गरी गृह मन्त्रालयलाई सिफारिस गर्ने, कानूनबमोजिम नामकरण नभएसम्म चोक जे अवस्थामा छ, त्यहीँ अवस्थामा रहन दिने, घटनाको अनुसन्धान डिएसपीको संयोजकत्वमा गठित समितिको प्रतिवेदनअनुसार अघि बढ्ने र चोक नामकरण नभएसम्म दुवै पक्ष संयमित भएर एक अर्कालाई सम्मान गर्ने विषयमा सहमति कायम भएको प्रमुख जिल्ला अधिकारी कडरियाले बताए ।

# जन्मोत्सवमा रेडक्रसलाई 'भ्यान' उपहार

**महोत्तरी ।**
बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षत्रीले आफ्नो जन्मदिनमा नेपाल रेडक्रस सोसाइटी बर्दिबास उपशाखालाई 'भ्यान' उपहार दिएका छन् ।

क्षत्रीले रेडक्रस बर्दिबास उपशाखाका सभापति भुवन खड्कालाई भ्यानको साँचो हस्तान्तरण गरे । उनले प्रमुखका हैसियतमा नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त सुविधा बापत्को रकमबाट भ्यान किनिएको स्पष्ट पारे ।

रेडक्रसलाई प्राप्त 'भ्यान' विभिन्न स्थानमा रक्त सङ्कलन शिविर सञ्चालनमा प्रयोग गरिने रेडक्रस बर्दिबास उपशाखाका सभापति खड्काले बताए ।

# वैद्यनाथ विश्वविद्यालय फर्किए



**मधेशदृष्टि**
**राजविराज ।**
सर्वोच्च अदालतको आदेशपछि मधेश कृषि विश्वविद्यालयका उपकुलपति डा. वैद्यनाथ महतो सिवश्वविद्यालय फर्किएका छन् । सर्वोच्चले तत्काल नहटाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेपछि उनी मंगलबार विश्वविद्यालय फर्किएका हुन् । उनलाई विश्वविद्यालयका कर्मचारीले स्वागत गरे ।

सर्वोच्चले महतोलाई तत्काल नहटाउन मधेश प्रदेश सरकारका नाममा आइतबार अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीश बालकृष्ण ढकालको इजलाशले आगामी चैत ११ गते छलफलका लागि दुवै पक्षलाई बोलाउने आदेशसँगै त्यतिखेरसम्म उपकुलपति महतोलाई पदबाट नहटाउन आदेश जारी गरेको हो ।

तोकिएको मितिसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को फागुन २२ को निर्णय, निर्णयबमोजिमको पत्र र उपकुलपति नियुक्तिसम्बन्धी सूचना कार्यान्वयन नगर्नु नगराउनु भन्दै कुलपति तथा मुख्यमन्त्रीसहित विपक्षी १३ जनाको नाममा अल्पकालीन अन्तरिम आदेश जारी भएको हो ।

जसपा नेपालका लालबाबु राउत नेतृत्वको तत्कालीन सरकारले उनीहरुलाई नियुक्त गरेको हो ।

# तोरी सुकाएर भण्डारण गर्न विज्ञको सल्लाह

**मधेशदृष्टि**
**रौतहट ।**
तराई मधेशका किसानलाई अहिले व्यस्तता बढेको छ । उनीहरू तोरीबाली भित्र्याउन व्यस्त देखिन्छन् । खेतमा जताततै तेलहन बाली तोरी र सरसो उखेलिरहेका छन् । तोरी र सरसो मसुरोसँग लगाउने प्रचलन छ । यसलाई भिन्दै खेती गरेको थोरै मात्रामा पाइन्छ । रौतहटमा तोरी बाली मिश्रित तथा घुसुवा बालीको रूपमा लगाइन्छ ।

कृषि ज्ञान केन्द्र रौतहटका अर्थविज्ञ विप्लव कुमार गुप्ताले दिएको जानकारी अनुसार आर्थिक वर्ष २०८०–८१ मा १२ हजार ३ सय पचास हेक्टर क्षेत्रफलमा तोरी बाली खेती भएको थियो । जसमा ९ हजार १ सय ८० मेट्रिक टन तोरीबाली उत्पादन भएको थियो । गुप्ताका अनुसार चालु आर्थिक वर्ष २०८१–८२ मा ११ हजार ४ सय हेक्टर क्षेत्रफलमा तोरीखेती भएको छ भने ९ हजार मेट्रिक टन तोरीबाली उत्पादन हुने अनुमान गरिएको छ ।

उनका अनुसार पानी जम्ने ठाउँबाहेक रौतहट भरिनै यसको खेती मिश्रित तथा घुसुवा बालीको रूपमा गरिने गरिन्छ । अहिले तोरी भित्र्याउने समय रहेकाले ७५ प्रतिशत पाकिसकेपछि होशियारपुर्वक काटेर सुकाउन गुप्ताले सुझाएका छन् ।

तोरी ५ देखि ७ दिन घाममा सुकाएर भण्डारण गर्न उनले सल्लाह दिएका छन् । लामो समयसम्म भण्डारण गर्दा ९ प्रतिशत भन्दा कम चिस्यान हुनेगरी भण्डार गर्न पनि उनी सुझाउँछन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन